# परिचय

नेपालको संविधान जारी भएपछि संघियता कार्यान्वयन पश्चात सम्बत २०७५ मा स्थापना भएको शहरी विकास तथा भवन कार्यालय बैतडी सुदुरपश्चिम प्रदेश सरकार अन्तर्गत एक महत्वपूर्ण सरकारी निकाय हो। यस कार्यालयले शहरी पूर्वाधार विकास सरकारी भवन निर्माण तथा मर्मत सडक तथा सार्वजनिक संरचना निर्माण आवास निर्माण योजना कार्यान्वयन जस्ता प्राविधिक सेवाहरु प्रदान गर्ने कार्य गर्दछ। कार्यालयले संघ ,प्रदेश तथा स्थानिय तहसंग समन्वय गरी दिगो सुरक्षित र व्यवस्थित शहरी विकासमा योगदान पुर्याउदै आएको छ। यस कार्यालयको हालको कार्यक्षेत्र बैतडी, दार्चुला, बझाङ्ग गरी ३ जिल्लाहरु रहेका छन।

यस कार्यालय मार्फत सरकारी भवन विद्यालय स्वास्थ्य संस्था प्रशासनिक भवन, सडक, नाली, ढल निकास, अन्य पूर्वाधार आयोजनाहरुको डिजाइन लागत अनुमान निर्माण सुपरिवेक्षण तथा गुणस्तर नियन्त्रण सम्बन्धी कार्य संचालन गरिन्छ। साथै विपद जोखिम न्युनीकरण भवन मापदण्ड कार्यान्वयन तथा वातावरणमैत्री पूर्वाधार विकास लाई समेत प्राथमिकता दिइएको छ।

सहरी विकास तथा भवन कार्यालय,बैतडीले जनमुखी सेवा पारदर्शिता गुणस्तरीय निर्माण तथा दिगो विकासको अवधारणलाई आत्मसाथ गर्दै जिल्लाहरुको समग्र भौतिक पूर्वाधार विकासमा महत्वपुर्ण भुमिका निर्वाह गरिरहेको छ।